**औरही नगरपालिकाको**

# प्रयोगशाला स्थापना सम्बन्धि कार्यबिधि २०७९

(औरही नगर कार्यपालिकाको मिति २०७९/१०/२६ गतेको बैठकबाट स्वीकृत)

**औरहीनगर कार्यपालिकाको कार्यालय, औरही**

**महोत्तरी**

## औरही नगरपालिकाको प्रयोगशाला स्थापना सम्बन्धी कार्यविधि २०७९

**प्रस्तावना** : नेपालको संविधान २०७२ को धारा ३५ मा आधारभूत स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा प्रत्याभूत गर्नुको साथै गुणस्तरीय स्वास्थ्य सेवा आफ्नो घर आगनमानै पाउनु नागरिकको अधिकारको बिषय समेत भएकोले बिरामीको स्वास्थ्य उपचारमा रोगको निरुपण गर्न प्रयोगशालाको भूमिका महत्वपूर्ण हुनुको साथै औरही नगरपालिकाको नीति तथा कार्यक्रममा नगरपालिकापालिका भित्र प्रयोगशाला स्थापना गर्ने कार्यक्रम समेत भएको हुनाले उक्त प्रयोगशाला स्थापनाको लागि गरी यो कार्यविधि जारी गरिएको छ ।

### परिच्छेद - १
### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम " औरही नगरपालिकाको प्रयोगशाला स्थापना कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "नगरपालिकापालिका" भन्नाले औरही नगरपालिका भन्ने सम्झनुपर्छ ।

(ख) "प्रमुख" भन्नाले औरही नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(ग) "उप-प्रमुख" भन्नाले औरही नगरपालिकाको उप-प्रमुख सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले औरही नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) "कार्यविधि" भन्नाले औरही नगरपालिकाको प्रयोगशाला स्थापना कार्यविधि २०७९ सम्झनुपर्छ ।

(छ) "शाखा" भन्नाले औरही नगरपालिका अन्तर्गत रहेको स्वास्थ्य शाखालाई सम्झनुपर्छ ।

## परिच्छेद - २

## कार्यविधि लागू हुने क्षेत्र र सेवा

**३. क्षेत्र तथा सेवा :** (१) यो कार्यविधि औरही नगरपालिकापालि भित्र स्थायी रुपमा बमोबास गरिरहेका र र प्रयोगशाला सेवा प्रदान गर्न तोकिएको स्वास्थ्य संस्था र सोबाट सेवालिने सेवाग्राहीहरु प्रयोगशालाको क्षेत्रानिकार भित्र रहनेछन ।

(२) औरही नगरपालिकाले तोकेका, मधेश प्रदेश बाट स्थापित प्रदेश स्तरीय प्रयोगशाला तथा नेपाल सरकारको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको मापदण्ड भित्र रही डि र "ई" समूहको प्रयोगशालाबाट प्रदान गरिने सेवा यस प्रयोगशालाबाट प्रदान गरिनेछ ।

## परिच्छेद - ३

## प्रयोगशालाको स्थापना

**४. सूचना प्रकाशन :** (१) औरही नगरपालिकापालिकाले तोकेको अन्य स्थान वा वडा स्तरमा रहेको स्वास्थ्य संस्थामामा स्थापना गरिनेछ ।

(२) प्रयोगशालाको स्तर नेपाल सरकार जनस्वास्थ्य प्रयोगशालाबाट जारी भएको "स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्ड सम्बन्धी निर्देशिका २०७३" मा उल्लेख भए बमोजिम डि "ई" समूहको हुनेछ ।

## परिच्छेद - ४

## प्रयोगशालाबाट स्थापना तथा आवश्यक मापदण्डहरु

**५. सेवाहरु :** (१) यो प्रयोगशाला स्वास्थ्य चौकी वा नगर स्वास्थ्य क्लिनिकमा स्थापना गरिनेछ ।

(२) यसको लागि कम्तिमा १५० बर्ग मिटर क्षेत्रफल भएको स्थान हुनुपर्नेछ ।

(३) यस प्रयोगशालामा काम गर्ने जनशक्ति ल्याव असिष्टेन्ट सरहको हुनेछ । तर सोही पारिश्रमिकमा उक्त पद भन्दा माथिल्लो योग्यता भएको व्यक्तिलाई नियुक्त गर्न बाधा पर्नेछैन ।

**(४) स्थापना** हुने "ई" समूहको प्रयोगशालाबाट देहायको सेवाहरु उपलब्ध हुनेछ । र आवश्यक परेको खण्डमा "डि" समुहबाट प्रदान हुने सेवाहरूलाइ विस्तार गरिनेछ ।

| | |
|---|---|
| **Hematology** | TC |
| | DC |
| | Hemoglobin |
| | ESR |
| | Blood Grouping |
| | BT |

| | |
|---|---|
| | CT |
| Biochemistry | Suger |
| | Urea |
| | Bilirubin (T& D,S) |
| | Uric Acid |
| | Total Protein |
| | Serum Albumin |
| Microbiology | Sputum for AFB Stain(Z-N Stain) |
| Tests by RDT's | With Simple Interpretation |
| Miscellaneous | Routine Urine Analysis |
| | Routine Stool Analysis |
| | Urine Pregnancy Test |
| | Stool for Reducing Substances |

## परिच्छेद - ५

## प्रयोगशाला स्थापना सम्बन्धी समितिको व्यवस्था

**६. समिति :** (१) नगरपालिका भित्र स्थापना हुने प्रयोगशाला सम्बन्धी आवश्यक निर्णय लिन, श्रोत साधन, जनशक्ति लगायतका अन्य आवश्यक पूर्वाधारको व्यवस्था गर्ने नगर स्तरीय देहायको समिति रहनेछ ।

(क) नगरपालिका प्रमुख - संयोजक

(ख) उप-प्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगरपालिका स्वास्थ्य शाखा प्रमुख - सदस्य-सचिव

७.यस कार्यविधि बमोजिम प्रयोगशालाको बिस्तार गर्न सकिनेछ ।

८. प्रयोगशालाको गुणस्तर सम्बन्धी मापदण्ड नेपाल सरकार वा मधेश प्रदेश सरकार वा औरही नगरपालिकाले तोके बमोजिम हुनेछ ।